
# भूकम्पको बेलामा विद्यालयमा सुरक्षित स्थानान्तरणका चरणहरु

१




भूकम्प आएको अवस्थामा अत्तालिएर बाहिर नजाऔं, नअत्तालिकन सुरक्षित तरिकाले बसौं र बसाऔं । साथै सुरक्षित र खुल्ला स्थानमा भए सोहि स्थानमा रहौं ।

२



भुइँ तल्लामा भएको बेलामा भूकम्प गयो र बाहिर निस्कन सुरक्षित छ भने बाहिर सुरक्षित स्थानमा निस्कौं । यदि अन्य तल्लामा भएको बेलामा भूकम्प गयो भने **"घुँडा टेकी गडुल्क ओत लागि समात"** आसन गरौं ।

३




भूकम्प रोकिए पश्चात् सुरक्षित तरिकाले कडा वस्तुले टाउकोलाई छोपेर शिक्षक शिक्षिकाहरुको सहयोगमा सुरक्षित स्थानमा जाऔं ।

४




सुरक्षित स्थानमा पुगेपछि सबै विद्यार्थी, शिक्षक-शिक्षिका र कर्मचारीहरु समूह बनाएर शान्त भई बसौं ।

५




सुरक्षित स्थानमा पुगेपछि गनेर कोही हराएको वा नहराएको पत्ता लगाऔं ।

६



भूकम्प रोकिए पछि विद्यार्थीहरुलाई अभिभावकको जिम्मा लगाऔं ।


## यदि विद्यालयमा कोहि हराएमा वा घाइते भएमा




विद्यालयको क्षति आंकलन तथा विश्लेषण गरौं ।



घाइतेहरुको खोजी गरी उद्धार गरौं । घाइतेको प्राथमिक उपचार गरौं र आवश्यकता अनुसार अस्पतालमा लैजाने व्यवस्था गरौं ।



क्षति अनुसारको आपत्कालीन प्रतिकार्यका लागि सम्बन्धित निकायहरुसँग आवश्यक सहयोग मागौं ।



अभिभावकहरुलाई विद्यार्थीहरु सुरक्षित तरिकाले जिम्मा लगाऔं ।

LUMANTI
SUPPORT GROUP FOR SHELTER

ENPHO
Creating Eco Societies

OXFAM